
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० माघ २ गते मंगलबार ❑ 16 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## 'राष्ट्रियसभा निर्वाचनमा गण्डकीमा सत्तासाझेदार दललाई सहज'

**पोखरापत्र संवाददाता**
पोखरा, १ माघ

यही माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशबाट चार दलका आठ उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ ।

सत्तारुढ दलका तर्फबाट नेपाली कांग्रेसले अन्य र अपाङ्गता/अल्पसङ्ख्यक कलस्टरमा क्रमशः गोरखाका किरणबाबु श्रेष्ठ र तनहुँका पदमबहादुर परियारलाई उम्मेदवार बनाएको छ ।

गठबन्धनबाट महिलातर्फ नेकपा (माओवादी केन्द्र)ले पवर्तकी मनरुपा शर्मा चुनावी प्रतिस्पर्धामा उतारेको छ । मतभारका हिसाबले गण्डकीमा दोस्रो शक्तिका रूपमा रहेको नेकपा (एमाले)ले अन्य कलस्टरतर्फ स्याङ्जाका चक्रबहादुर पराजुली, महिलातर्फ गोरखाकी सम्झना देवकोटा र अपाङ्गता/अल्पसङ्ख्यक कलस्टरमा हेमन्द्र शेरचनलाई उम्मेदवार बनाएको छ । राष्ट्रिय प्रजातन्त्र पार्टीले अन्यमा कास्कीका रोमबहादुर भण्डारी र महिलामा तनहुँकी गौमाया श्रेष्ठलाई उम्मेदवार बनाएको छ । राप्रपाले अपाङ्गता/अल्पसङ्ख्यकतर्फ भने उम्मेदवार उठाएको छैन । अन्य, महिला र अपाङ्गता/अल्पसङ्ख्यकतर्फका तीन सिटका लागि निर्वाचन हुन लागेको हो । ती कलस्टरबाट निर्वाचित गण्डकीका तीन राष्ट्रियसभा सदस्यको कार्यकाल आगामी फागुन २० गते सकिँदैछ ।

मतभारका दृष्टिले अब हुने निर्वाचनमा सत्तारुढ दलका उम्मेदवारलाई चुनावी परिणाम आफ्नो पक्षमा पार्न सहज हुने देखिएको छ । राष्ट्रियसभा सदस्य निर्वाचनका लागि गण्डकी प्रदेशमा प्रदेशसभाका ६० र स्थानीय तहका एक सय ७० रहेका छन् । निर्वाचनमा प्रदेशसभा सदस्यको ५३ र स्थानीय तहका प्रमुख तथा उपप्रमुखको १९ मतभार तोकिएको छ । प्रदेशसभातर्फ तीन हजार एक सय ८० र स्थानीय तहतर्फ तीन हजार दुई सय ३० गरि कुल छ हजार चार सय १० मतभार रहेको छ ।

प्रदेशसभाको सबैभन्दा ठूलो दल कांग्रेसका प्रदेशसभाका २७ र स्थानीय तहतर्फ प्रमुख र उपप्रमुख गरि ६७ मतदाता छन् । कुल मतभार दुई हजार सात सय चार रहेको छ । २२ प्रदेशसभा सदस्य र ६८ स्थानीय तहका प्रमुख र उपप्रमुख रहेको एमालेको मतभार दुई हजार चार सय ५८ रहेको छ ।

माओवादी केन्द्रका प्रदेशसभा सदस्य आठ र स्थानीय तहका प्रमुख तथा उपप्रमुख ३० गरी नौ सय ९४ मतभार रहेको छ । दुई जना प्रदेशसभा सदस्य मात्र रहेको राप्रपाको एक सय छ, तीन स्थानीय तहको प्रमुख र उपप्रमुख रहेको राष्ट्रिय जनमोर्चाको ५७, एक प्रदेशसभा सदस्य र एक स्थानीय प्रमुख रहेको नेकपा (एकीकृत समाजवादी)को ७२ र स्वतन्त्र उम्मेदवारी दिएर निर्वाचित मनाङको ङिस्याङ गाउँपालिकाका उपाध्यक्ष छिरिङ गुरुङको १९ मतभार छ ।

गण्डकीमा कुल छ हजार चार सय १० मतभार रहेकामा सत्ता गठबन्धनमा रहेका कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र जनमोर्चाको मतभार जोड्दा तीन हजार आठ सय २७ पुग्छ । बाँकी एमालेसँग दुई हजार चार सय र राप्रपासँग एक सय छ मतभार छ । गण्डकीमा ६० जना प्रदेशसभा सदस्य र ८५ वटा स्थानीय तहका प्रमुख र उपप्रमुख मतदाता छन् ।

बलियो मतभार गठबन्धन दलका पक्षमा रहेकाले आफ्ना उम्मेदवारले सहजै निर्वाचन जित्ने सत्ता गठबन्धनको राष्ट्रियसभा सदस्य निर्वाचन प्रदेश समन्वय समितिका संयोजक एवं नेपाली कांग्रेस गण्डकीका सभापति शुक्रराज शर्माले बताउनुभयो । उहाँले गठबन्धनका उम्मेदवारलाई जिताउन प्रदेशका ११ वटै जिल्लामा मतदाता भेटघाटको कार्यक्रम तय गरिएको जानकारी दिनुभयो ।

## प्रदेश सरकार खेलकुद विकासका लागि प्रतिवद्ध–मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १ माघ



'चौथो टाइगर कप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित खुल्ला क्लब च्याम्पियनसिप महिला तथा पुरुष भलिबल प्रतियोगिता २०८०'को पहिलो दिन तनी खेलहरु भएका छन् भने उद्धाटन खेल भने खराब प्रकाशका कारण रोकिएको छ

टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजनामा सोमबारबाट सुरु भएको प्रतियोगितामा महिलातर्फ विभागिय टिम शसस्त्र प्रहरीको एपिएफ क्लब र चन्द्रागिरी न्यू डायमण्ड क्लबले जित दर्ता गर्दा पुरुषतर्फ शसस्त्र प्रहरीको एपिएफ क्लब बिजयी सुरुवात गरेको हो । पहिलो दिन केही समय ढिला सुरु भएको गण्डकी प्रदेश भलिबल संघ र त्रिभुवन आर्मी क्लब बिचको खेल भने खराब प्रकाशका कारण बिचमा नै रोकिन पुगेको छ । उद्धाटन खेला जारी रहँदा गण्डकी प्रदेश २-१ ले अगाडी थियो । तर टेक्निकल टिम अन्तिम समयमा खेल रोक्न बाध्य भयो । रोकिएको खेल माघ ३ गते हुने आयोजकले जनाएको छ ।

प्रतियोगिताको पहिलो दिन तेश्रो संस्करणको उपाधि बिजेता समेत रहेको नेपाल एपिएफ क्लबले नेपाल पुलिस क्लब विरुद्ध ३-२ को जित निकालेको छ । चौथो संस्करणको पहिलो प्रतिस्पर्धात्मक खेलमा पुलिस विरुद्ध एपिएफ क्लबले जित निकाल्दै २ अंक हासिल गरेको छ भने नेपाल पुलिसले १ अंक प्राप्त गरेको छ । पहिलो सेट २५-१८ र दोश्रो सेट २५-१८ ले जितेको एपिएफले भने तेश्रो र चौथो सेट भने गुमाउन पुग्यो । तेश्रो र चौथो सेटमा टिम कम्बिनेसनको अभाव देखिएको एपिएफलाई २५-१९ र २५-१८ ले जितेर खेलमा फर्किएको नेपाल पुलिस अन्तिम तथा पाँचौ सेटमा १५-१३ ले एपिएफलाई सुम्पिन पुग्यो । उक्त खेलमा एपिएफ क्लबकी सरस्वती चौधरी टाइगर अफ दि म्याच घोषित भइन् ।

यसै गरी महिलातर्फको दोश्रो खेल चन्द्रागिरी न्यूडायमण्ड क्लबले जितेको छ । नेपाल आर्मीको खेलमा न्यू डायमण्ड ३-१ को सेटमा जित निकाल्दै प्रतियोगितामा २ अंक प्राप्त गरेको छ भने आर्मीले १ अंक पाएको छ । पहिलो सेट २५-२० र दोश्रो सेट २५-१७ ले लगातार जित्दै न्यू डायमण्डले आर्मी विरुद्ध दबाब प्रस्तुत गरे पनि तेश्रो सेट आर्मीले २५-२३ ले आफ्नो पक्षमा पार्न सफल भयो । तर चौथो सेटमा आर्मीलाई दबाबमा राख्दै न्यू डायमण्डले २५-१५ ले खेल आफ्नो पक्षमा पार्न सफल भयो । उक्त खेलमा रिमा कुँवर म्याच अफ दि टाइगर बन्न सफल भइन् । त्यस्तै पुरुषतर्फको खेलमा एपिएफ क्लवले नेपाल पुलिस क्लव विरुद्ध ३-० को सोझो सेटमा जित निकालेको छ । पहिलो सेट २५-१९ ले सहज जित निकाले पनि दोश्रो सेट निकै प्रतिस्पर्धात्मक बन्न पुग्यो । दोश्रो एपिएफले ३३-३१ ले हात पार्न सफल भयो अन्तिम सेट २५-१७ ले आफ्नो पक्षमा पार्दै महत्वपूर्ण ३ अंक हात पारेको छ । उक्त खेलमा एपिएफका बिजय थापा म्याच अफ दि टाइगर घोषित भए । यस अघि चौथो टाइगर कप भलिबल प्रतियोगिताको एक भब्य कार्यक्रमका बिच उद्धाटन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकार खेलकुद विकासका लागि प्रतिवद्ध भएको जनाएका छन् । उनले प्रदेश सरकारले खेलाडी हित र खेलकुद विकासका लागि केही नयाँ योजनाका साथ अघि बढेको बताउँदै प्रदेश सरकार गण्डकीमा अन्तर ाष्ट्रियस्तरको क्रिकेट मैदान, कभर्ड हल समेत निर्माण गर्ने योजनामा रहेको बताए । खेलकुदलाई पर्यटन संग जोडन अपरिहार्य रहेको जनाउँदै मुख्यमन्त्री पाण्डेले हाइअल्टिच्यूड खेल मैदानको निर्माण


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पत्रकारद्वय त्रिभुवन र अनिलको स्मृतिमा पोखरामा विभिन्न कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १ माघ

पत्रकारद्धय त्रिभुवन पौडेल र अनिल शाहीको स्मृतिमा पोखरामा विभिन्न कार्यक्रमको आयोजना गरिएको छ ।

गत वर्ष माघ १ गते पोखरामा भएको यति एयरलाइन्सको विमान दुर्घटनामा परी पत्रकार त्रिभुवन र अनिल सहित ७२ जनाको निधन भएको थियो भने त्यसको एक बर्षको पुण्य तिथीमा सोमबार पोखरामा विभिन्न कार्यक्रमको आयोजना गरिएको हो ।

सोमबार साँझ शहिदचोकमा दीप प्रज्वलन गरिएको प्रेस सेन्टर कास्कीका अध्यक्ष कृष्ण दवाडीले बताउनु भयो । उक्त कार्यक्रममा पत्रकार सहित नेताहरुको समेत सहभागिता रहेको थियो । दुबै



पत्रकारको स्मृतिमा पुष्प अपर्ण सहित दिप प्रज्जवलन गरी उहाँहरुको स्मरण गरिएको प्रेस सेन्टर पोखरा महानगरपालिकाका अध्यक्ष शिवराज बस्ताकोटी( शिवदाई) ले बताउनु भयो ।

पत्रकार पौडेल नेपाल पत्रकार महासंघको केन्द्रीय सदस्य, पत्रकार महासंघ गण्डकीको संस्थापक अध्यक्ष तथा प्रेस सेन्टर नेपालको केन्द्रीय उपाध्यक्ष र गण्डकी प्रदेशको इन्चार्ज हुनुहुन्थ्यो । शाही प्रेस सेन्टर नेपाल पोखरा महानगर कमिटीको सदस्य हुनुहुन्थ्यो । नेपाल पत्रकार महासंघ गण्डकी, कास्की र प्रेस सेन्टरको संयुक्त आयोजनामा सोमबार पोखरामा मृति सभा आयोजना भएको थियो । उक्त सभामा सम्बोधन गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले यति एयरलाइन्स विमान दुर्घटनामा निधन भएका ७२ जनाको स्मरणमा दुर्घटनास्थलमा स्मृति पार्क निर्माण गर्ने महानगरको योजना अनुसार स्तम्भ निर्माण भएको बताउनुभयो । उहाँले महानगरले ७२ जनाको नाम सहित स्मृति स्तम्भ निर्माण गरिएको जानकारी दिनुभयो ।

नेपाल पत्रकार महासंघका केन्द्रीय महासचिव रोशन पुरीले विमान दुर्घटनाको न्यूनीकरणका लागि सहयोग पुग्ने गरी सञ्चारकर्मीले त्यसतर्फ कलम चलाउनुपर्नेमा बताउनु भयो । पत्रकार पौडेलको निधनले महासंघ केन्द्रलाई ठुलो क्षती पुगेको तथा एक कुशल समन्वयकर्ता गुमाएको उहाँले जनाउनु भयो ।

स्मृतिसभामा प्रेस स्वतन्त्रता सेनानीद्धय कोमलनाथ बराल, बद्रीविनोद प्रतीक, स्व पौडेलका दाजु उत्तम पौडेल, स्व शाहीका बुबा अशोक शाही, प्रेस सेन्टर गण्डकी प्रदेशका इन्चार्ज दीपक श्रेष्ठ, प्रेस चौतारी गण्डकीका अध्यक्ष इन्द्र पौडेल, प्रेस युनियन गण्डकीका महासचिव प्रकाश ढकाल, समाजवादी प्रेस संगठनका केन्द्रीय उपाध्यक्ष श्रीराम सिग्देल, पत्रकार महासंघ गण्डकीका अध्यक्ष नारायण शर्मा, महासचिव गोविन्द सुवेदी , कास्की शाखाका अध्यक्ष विमला भण्डारी लगायतले उहाँहरुको निधनले पत्रकारिता क्षेत्रलाई अपूर्णक्षति भएको उल्लेख गर्दै उहाँहरुले देखाएको बाटो अपलम्बन गर्नुपर्नेमा जोड दिनु भयो । यसैगरी स्व पत्रकारद्धयको स्मृतिमा सहिद पार्कमा दीप प्रज्वलन कार्यक्रम आयोजना गरिएको छ । प्रेस सेन्टर कास्की र पोखरा महानगर समितिको आयोजनामा भएको कार्यक्रममा नेकपा(माओवादी केन्द्रका) केन्द्रीय सदस्य राजकाजी गुरुङ, पोखरा महानगरका अध्यक्ष हरिनारायण गिरी, माओवादीका प्रदेश सचिवालय सदस्य विश्वप्रकाश लामिछाने, प्रेस सेन्टरका केन्द्रीय सचिव माधव पनेरु, पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदी, कास्की शाखाका अध्यक्ष विमला भण्डारी तथा स्व पौडेल र शाहीका परिवारजन तथा सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो । सो अवसरमा प्रेस सेन्टर कास्कीका अध्यक्ष कृष्ण दवाडी र पोखरा महानगरका अध्यक्ष शिवराज वस्ताकोटीले स्व पौडेल र शाहीको योगदानलाई सदा स्मरणीय बनाउने र उनीहरुका सपना पूरा गर्ने प्रतिवद्धता जनाउनुभयो । त्यस्तै नेकपा माओबादी केन्द्रले समेत पत्रकार पौडेलको स्मृतिमा श्रद्धान्जली सभा गरेको थियो ।


### विद्यार्थी चढ्ने सवारी साधन सञ्चालन गर्दा ध्यान दिऔं

◆ सवारी साधनमा सिटभन्दा बढी विद्यार्थी नराखौं,
◆ तीव्र गतिमा सवारी साधन नचलाऔं,
◆ तोकिएको समयमा तोकिएको स्थानमा सवारी साधन पुऱ्याऔं,
◆ सवारी साधन चलाउनु अगाडि चेक जाँच गरौं,
◆ तोकिएको स्थानमा मात्र बिद्यार्थी चढाउने र ओराल्ने गरौं,
◆ सवारी साधन पूर्ण रुपमा रोकिसके पछि मात्र बिद्यार्थीहरुलाई चढाऔं र ओरालौं,
◆ विद्यार्थीहरु सिटमा बसिसके पछिमात्र सवारी साधन गुडाऔं,
◆ विद्यार्थीहरुले शरिरका अंगहरु सवारी साधन बाहिर निकालेका छन् कि ? ध्यान दिऔं,
◆ सवारी साधनमा सहचालक अनिवार्य राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# ढुंगेसाँघुको हाट बजारमा किनमेल गर्नेको भिड

पोखरापत्र संवाददाता
पोखरा, १ माघ

माघ १ गते अर्थात माघे संक्रान्ति यस पर्वको अवसरमा ढुंगेसाँघुमा दर्शन गर्ने तथा दैनिक उपभोग गर्ने बस्तुको किनमेल गर्नेहरुको भिड भएको छ।

हाट बजारमा हस्तकला देखि दैनिक उपभाग्य बस्तुको किनमेल गर्नेहरुको बिहानै देखि भिडभाड भएको थियो।

उक्त क्षेत्रमा विभिन्न व्यवसायीक करिब दुई हजार भन्दा बढी व्यपारीहरु सडकको दोहोरो साइडमा पसल राखेका थिए। ढुंगेसाँघुको करिब ३ सयम मिटर वरपरसम्म विभिन्न व्यपारीक स्टलहरु रहेका थिए भने पोखरा महानगरपालिकाले कन्दमुलको प्रर्दशनी समेत गरेको थियो। उक्त



हाट बजारमा आगन्तुकलाई ढुंगेसाँघुमा निःशुल्क चिउरा, चाँकु, कन्दमुल, सेलरोटी पैसादको रुपमा चखाइएको थियो। बदाम देखि हस्तकलाका सामानहरु डोको, नाम्लो, नाङ्लो, हाँसी, कुटो, कोदालो, लगायतका बस्तुहरु सहित लत्ता कपडा सहित फेन्सि आइटम लगायतका व्यापारीक सडक पेटिमा रहेका थिए।

उक्त हार्ट बजारमा १० हजार भन्दा बढी दर्शनार्थी पोखरा र कास्की आसपासबाट सहभागि हुनु भएको थियो।

# पोखरा महोत्सवमा दर्शकको भिड

पोखरापत्र संवाददाता
पोखरा, १ माघ

अमरसिंह मैदानमा जारि पोखरा महोत्सवमा दर्शकको भीड लागेको छ। महोत्सवमा दर्शकको भीड संगै याक अवलोकन, घोड सवार, नेपाल टेलिकमको सिमकार्ड लिने र विभिन्न जातजातिको मौलिक पोषाक लगाइ तस्विर खिचाउनेको भीड लागेको महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

महोत्सवको पाँचौ दिन सोमबारमात्रै ३५ हजार दर्शकले महोत्सवको प्रत्यक्ष अवलोकन गरेका छन भने महोत्सवमा १ करोड १५ लाख बरावरको कारोबार भएको महोत्सवका अर्थ ब्यवस्थापन उपसमितिका संयोजक सूर्य बहादुर बानियाँले



जानकारी दिए। महोत्सवमा सोमबार देखि विद्यालय स्तरिय लोकनृत्य प्रतियोगिता समेत सुरु भएको छ। सोमबार सम्पन्न प्रतियोगितामा बेसलाईन एकेडेमी अघिल्लो चरणमा प्रवेश गरेको छ। बेसलाईन एकेडेमीले बाल मन्दिर मावि, अमरसिंह एन र कालिका माविलाई पछाडि पार्दै अघिल्लो चरणमा प्रवेश गरेको हो। महोत्सवमा सोमबार लोकदोहोरी गायक राजु परियार र सिम्रन परियारको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिए। युवा पुस्तालाई सिम्रन परियार र बृद्धवृद्धाहरुलाई राजु परियारको प्रस्तुती मार्फत दर्शकहरुले मनोरन्जन लिएका थिए। राजु र सिम्रन संगै प्रजापति पराजुली, जिवन दाहाल, राजन कार्की, शिव ढुंगाना, जिवन सिग्देल, दिपक कार्की, मञ्जु बिक, सुनिता नेपाली लगाएतको प्रस्तुतीमा दर्शकहरुले भरपुर मनोरन्जन लिएका थिएभने साँझको लाइभब्याण्ड तर्फ लाहुर एण्ड द ब्याड कम्पनीको प्रस्तुतीमा युवाहरु झुमेका थिए। यसैगरि महोत्सवमा मंगलबार रचना रिमाल, पुरुषोत्तम न्यौपाने, जिवन दाहाल, चोलेन्द्र पौडेल, शिवहरी ढुंगाना, सुमन खड्का, परशुराम अधिकारी, केशव घिमिरे, कृष्ण गुरुङ, माया गुरुङ, दुर्गा क्षेत्री लगायतको प्रस्तुती रहने छभने साँझको लाइभ ब्याण्डमा श्री३ को प्रस्तुती रहने महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।

# प्रदेश ...

जस्ता योजनाहरु समेत प्रदेश सरकारले अघि बढाएको जनाउँदै बालबालिका बाटै खेलाडीहरुको उत्पादन हुनेकुरालाई आत्मसात गर्दै यू-१५ खेलकुद प्रतियोगिता, ओलम्पियनहरुको सम्मानका लागि मासिक भत्ता, खेलकुद पदक जस्ता कार्यक्रमहरुमा प्रदेश सरकारले बजेट समेत बिनियोजन गरी अघि बढेको उल्लेख गरे। उनले राष्ट्रिय खेल भलिबलको विकासमा टाइगर ग्रुप अफ पोखराले महत्वपूर्ण कार्य गरेको जनाउँदै प्रशंसा समेत गरे।

सो अवसरमा मुख्यमन्त्री पाण्डेले अग्रज समाजिक व्यक्तित्व कर्णेल जेपी क्रसलाई सम्मान गरेका छन्। हालै १ सय वर्ष टेकेका उनी शिक्षा, खेलकुद तथा सामजिक क्षेत्रको विकासमा उल्लेख्य योगदान पुऱ्याएको बताउँदै टाइगर ग्रुप अफ पोखरा नेपालले उनलाई सम्मान गरेको हो। उद्घाटन कार्यक्रममा गण्डकी प्रदेशका सांसद प्रकाश बरालले भलिबल खेल बिकासका लागि इन्डोर कभर्डहल आवश्यक रहेको विषयमा जोड दिएका थिए। टाइगर ग्रुप अफ पोखरा नेपालका अध्यक्ष नारायण प्रसाद शर्माको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा संस्थाका सचिव डिबी नेपालीले समेत आफ्ना भनाई राखेका थिए।

नेपाल भलिबल संघको स्विकृतीमा सुरु भएको चौथो टाइगर कपमा प्रतियोगिताको महिलातर्फ समूह 'ए' मा एपिएफ, गण्डकी र पुलिस रहेका छन्। यस्तै समूह 'बी' मा त्रिभुवन आर्मी, चन्द्रगिरी नगरपालिका न्यु डायमण्ड र हरियाना टिम भारत रहेका छन्। पुरुषतर्फको समूह 'ए' मा गण्डकी प्रदेश, त्रिभुवन आर्मी र हेल्प नेपाल स्पोर्ट्स क्लब तथा समूह 'बी' मा एपिएफ, नेपाल पुलिस र श्रीलंका आर्मी टिम रहेका छन्।

प्रतियोगितामा महिला तथा पुरुषतर्फ उपाधि बिजेता टिमले ट्रफी, मेडल तथा प्रमाणपत्रसहित समान नगद रु ५ लाख ५५ हजार ५ सय ५५ र उपविजेता टिमले समान नगद रु २ लाख ५५ हजार ५ सय ५५ तथा तेश्रो हुने टिमले १ लाख २५ हजार ५ सय ५५ प्राप्त गर्नेछन्। उत्कृष्ट महिला तथा पुरुष खेलाडीहरुले जनही नगद २५-२५ हजार र अन्य विद्यागत रुपमा उत्कृष्ट हुने खेलाडीहरुले करिव १५ हजार बराबरको एक्सटेप कम्पनीको जुत्ता प्राप्त गर्ने आयोजकले जनाएको छ।

मंगलबारको खेल महिलातर्फ पहिलो खेलमा गण्डकीले नेपाल पुलिसको सामना गर्नेछ भने दोश्रो खेल महिलातर्फ त्रिभुवन आर्मी क्लव र हरियाणा टिम भारतका बिच हुनेछ। त्यस्तै पुरुषतर्फको श्रीलंका आर्मी टिम र एपिएफ क्लव तथा दोश्रो खेल त्रिभुवन आर्मी र हेल्प नेपाल क्लवका बिच हुनेछ।

प्रतियोगितामा टिकट काटेर हेर्ने दर्शकहरुलाई दैनिक गिफ्ट ह्याम्पर प्रदान गरिने आयोजकले जनाएको छ भने फाइनल खेलमा बम्पर उपहारस्वरुप सामसुङको मोबाइल प्रदान गरिने सचिब नेपालीले जानकारी दिएका छन्। प्रतियोगिता सम्पन्न गर्न करिव १ करोड १५ लाख भन्दा बढि खर्च हुने आयोजकले जनाएको छ।

# हिमालको काख मुनी रोटरी युथ लिडरसिप अवार्ड सम्पन्न



पोखरापत्र संवाददाता
पोखरा, १ माघ

रोटरी इन्टरनेशनल डिस्ट्रिक्ट ३२९२ नेपाल-भुटान अन्तर्गत रोटरी युथ लिडरसिप अवार्ड (राइला) आइतवार सम्पन्न भएको छ।

पोखरामा एक समारोहबीच उद्घाटनपछि कास्कीको अन्नपूर्ण गाउँपालिकाअन्तर्गत लेवाडेमा चार दिनसम्म आयोजित राइलामा विभिन्न जिल्लाबाट ५१ जनाले सहभागी भएका थिए। कार्यक्रम समापन गर्दै डिष्ट्रिक्ट गभर्नर राजेन्द्रप्रसाद ध्वजुले सेताम्बे हिमालमुनि गरिएको कार्यक्रमले सबैलाई ऊर्जा थपेको बताए। उनले व्यक्तिगत क्षमता, नेतृत्व विकास, नेटवर्किङ र कम्युनिकेसन विकासमा यस कार्यक्रमले सघाउ पुग्ने विश्वास व्यक्त गरे। डिष्ट्रिक्ट गभर्नर नोमिनी विनोद कोइरालाले युवाले सुरुदेखि नै प्लाष्टिकका झोला कम प्रयोग गर्न सुझाए। उनले राइला रोटरीको अभिन्न अंग भएको उल्लेख गर्दै युवामा निहित प्रतिभा प्रस्फुटनमा यसले महत्वपूर्ण भूमिखका खेल्ने बताए।डिष्ट्रिक्ट राइला को-चेयर एवं कार्यक्रम संयोजक राजेन्द्र लिगलको अध्यक्षतामा भएको कार्यक्रमको संचालन राइला कार्यक्रम सचिव जसु गुरुङले गरेकी थिइन्। कार्यक्रममा डिष्ट्रिक्टका सचिव दुर्गादिव सुवेदी, राइला कार्यक्रमका चिफ पाइलट कोच सुभाष सिग्देल, डिष्ट्रिक्टका राइला चेयर निश्चल श्रेष्ठ, चिल्ड्रेन नेपालका कार्यकारी निर्देशक डिल्लीप्रसाद शर्मा, सहभागीतर्फबाट अदिति चौलागाईं, सुलभ कटुवाल लगायतले राइलाको वारे चर्चा गरेका थिए।

धन्यवाद ज्ञापन रोटरी क्लव अफ पोखरा न्यूरोडका अध्यक्ष रामविक्रम अधिकारीले दिए। १६ देखि २० वर्ष उमेर समूहका युवायुवतीले भाग लिएको राइलामा राइलारियन अवार्ड साम्भवी चापागाईंले जितिन्। डिष्ट्रिक्टले हरेक वर्ष आयोजना गर्दै आएको राइला कास्कीमा लामो समयपछि भएको हो। जसमा कास्कीका ९ वटै रोटरी क्लबहरुसहित १७ होस्ट र १० को-होस्ट रहेको रोटरी लेकसाइड अध्यक्ष शोभाकान्त सिग्देलले बताए। सहभागिताको तर्फवाट शुभासिस भण्डारीले वातवरणीय कक्षामा वातवरणको राम्रो पक्ष र असर वारे गहिराइमा बझ्न पाएकोमा धेरै खुशी छाएको पोखरापत्रलाई वताए। गोर्खा वाट सहभगी भएकी रोटरीयन शोभा प्रधानले राइला कार्यक्रमले युवाहरुको आन्तरिक नेतृत्वमा विकास गर्न ठूलो सहयोग पुग्ने धारणा राखिन्।

कार्यक्रमवाट नयाँ नयाँ साथीहरु विच फरक फरक स्थानका वारेमा ज्ञान मिलेको सिद्धार्थ दवाडीले भने। रोटरी क्लव अफ पोखरा लेकसाइडवाट सहभगी भएकी रिया गौतमले चारदिने कार्यक्रममा सार्वजनिक रुपमा ढुक्ले बोल्न सक्ने भएकी भनिन्। जीवनमा नकरात्मक विषयलाई सदैव टाडा राखी सकरात्मक विषय लिएर अगाडि बढेमा जीवन खुशी नै खुशी हुने गौतमले वताईन।


"युवाको जागर, राष्ट्र निर्माणको आधार"
शिक्षा, स्वास्थ्य, खेलकुद तथा पर्यटन प्रवर्द्धनको लागि
१२औं पोखरा महोत्सव-२०८०
पौष २६ देखि माघ ८ गतेसम्म
अमरसिंह मा.वि. को विशाल खेल मैदान, पोखरा-१०/१२

लोक दोहोरी तर्फ
रचना रिमाल, पुरुषोत्तम न्यौपाने, जिवन दाहाल, चोलेन्द्र पौडेल, शिवहरी ढुंगाना, सुमन खड्का, परशुराम अधिकारी, केशव घिमिरे, कृष्ण गुरुङ, माया गुरुङ, दुर्गा क्षेत्री


लाइभ ब्याण्ड
श्री३

आयोजक: युनाइटेड क्लब, पोखरा
मुख्य प्रायोजक: BETTER HOME APPLIANCES
प्रायोजकहरु: CTZ, RARA, SIDDHI AUTO PARTS & MOTORCYCLE WORKSHOP
विशेष सहयोगी संस्था
सहयोगी संस्था: अमरसिंह मा.वि.
हस्पिटालिटी पार्टनर: HOTEL TASK
मिडिया पार्टनर: ABC NEWS, F.E.W.A, EVEREST, आदर्श समाज
अफिसियल बैंक: GREEN DEVELOPMENT BANK LTD
प्रवर्द्धक: NTB NEPAL TOURISM BOARD
अफिसियल इन्टरनेट: WORLDLINK
अफिसियल इन्स्योरेन्स: IGI PRUDENTIAL INSURANCE LIMITED
अफिसियल ड्रिंकिङ वाटर



# कपालको उपचार
## कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
### के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



# प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



# के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# टुँडिखेलको भागदौड

हरेक जाति, समुदायले मनाउने चाड/पर्वको मुख्य कार्यक्रम काठमाण्डौको टुँडिखेलमा हुने गरेको छ । पहिले आ आफ्नै थात थलोमा हुने कार्यक्रम अहिले काठमाण्डौमा गर्न थालिएको छाराजधानीमा बसोबास गर्नेले नेतृत्वलाई आफ्ना समस्या सुनाउन र पहिचान झल्काउन पनि राजधानीमा सजिलो हुन थालेको छाहरेक जाति, समुदाय र वर्गले मनाउने चाड पर्व मेलाको रुपमा मनाउन थालिएको छानेपालका मगर र थारु माघे संक्रान्ति ( माघी) मेलामा सहभागी हुन हजारौँ काठमाण्डौको टुँडिखेल पुगिरहेका थिए। मेला मनाउन टुँडिखेलमा पछिल्ला प्रत्येक वर्ष यो संख्या बढिरहेको छा तर, टुँडिखेल प्रवेश गर्ने प्रवेशद्वारा हिजो जत्रो थियो, आज पनि त्यत्रै छा न अन्य अस्थायी प्रवेशद्वारहरू बनाइएका थिए न भएको वैकल्पिक द्वार पनि खोलिएको थियो। जसका कारण प्रवेशद्वारमा धकेलाधकेल चलिरह्यो ।

मेला प्रवेश गर्न आयोजकले पश्चिमतर्फको मात्रै प्रवेशद्वार खोलेको थियो। प्रवेश गर्ने र बाहिरिनेहरू त्यही द्वारमा एकैपटक भेट हुँदा धकेलाधकेल हुँदै गयो। ठेमलमेठ चलिरह्यो। जसका कारण मानिसहरू च्यापिन थाले। र, घाइते हुन थाले। घाइते हुने महिला र बालबालिका छन । जिल्ला प्रहरीपरिसर काठमाडौंका प्रवक्ताले दिएको जानकारी अनुसार प्रवेश द्वार साँघुरो हुँदा ठेलमठेल मच्चिएको र सोही क्रममा १६ जना घाइते हुन पुगेका छन ।

मगर र थारू समुदायको माघे संक्रान्ति मेला थियो । मेला भर्न सर्वसाधारणको घुइँचो लाग्यो । तर, भित्र प्रवेश गर्न एउटा मात्रै द्वार खोलिएको थियो । द्वारले धान्न सकेन । ठेलमठेल चल्यो। यही क्रममा १६ जना घाइते हुन पुगे ।' सर्वसाधारण घाइते भएपछि प्रहरीले टुँडिखेलभित्र प्रवेश गर्ने सहिद गेटतर्फको द्वार पनि खोलेका थियो । त्यसपछि भने आउजाउ सहज बनेको थियो।भागदौडमा घाइते हुनेमा धेरै महिला र बालबालिका छन। मेला महोत्सवमा हुने भिडलाई व्यवस्थित गर्ने स्वयंसेवीको खाँचो हुन्छ। कसरी व्यवस्थित बनाउन सकिन्छ भनेर सुरक्षाकर्मीसंग छलफल गरेको भए धेरै कुरा व्यवस्थित हुन्थ्यो । अहिले आयोजकले पुर्व तयारी नगर्ने दोष अरुलाई थोपार्ने प्रबृति हावी छाटुँडिखेलको अवस्था र आयोजक र सुक्षाकर्मीले गहन अध्ययन गरेमा कमजोरी हटाउन सजिलो हुन्छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : आर्थिक समस्या |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाव |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वस्थ्यमा सुधार | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पेट्रोल, डिजल र मट्टितेलको मूल्य घट्यो

रासस
काठमाडौं, १ पुस

नेपाल आयल निगमले पेट्रोल, डिजल र मट्टितेलको मूल्य प्रतिलिटर रु एकले घटाएको छ ।

इन्डियन आयल कर्पोरेशनबाट सोमबार प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोल प्रतिलिटर एक रुपैयाँ २६, डिजल प्रतिलिटर ८३ पैसाले घटेर आएकाले निगम सञ्चालक समितिले आज राति १२ बजेपछि लागू हुने गरी पेट्रोल, डिजल र मट्टितेलको मूल्य घटाएको हो ।

निगमका अनुसार चारआली, बिराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जका लागि पेट्रोलको मूल्य प्रतिलिटर एक सय ६३ रुपैयाँ ५० पैसा, डिजल र मट्टितेल एक सय ४३ रुपैयाँ ५० पैसा कायम भएको छ । साथै सुर्खेत र दाङका लागि पेट्रोल प्रतिलिटर रु एक सय ६५, डिजल र मट्टितेल प्रतिलिटर एक सय ५५ कायम भएका भएको छ । साथै काठमाडौं, पोखरा र दीपायलका लागि पेट्रोल प्रतिलिटर रु एक सय ६६, डिजल र मट्टितेल रु एक सय ५६ कायम भएको छ ।

# सराङकोट सहकारी सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, १ माघ

सहकारीको माध्मले समाजमा विविध रचनात्मक कार्यहरु गरीएको कदर स्वरुप सराङकोट बहुउद्देश्यीय सहकारी संस्थालाई सम्मान गरीएको छ ।

पोखरा स्थरीय स्वास्थ्य सेवा अर्नगत गुणस्तरीय ल्याव सेवा दिने उद्देश्यले स्थापीत स्टार डाईग्नोष्टीक सेन्टरले सराङकोट सहकारी लगायत गोल्डेन सहकारी, नव सिर्दाथ महिला सहकारी, रामघाट आमा समुह, तमु लेहु स्याङ्जा, तमु समाज, लायन्स क्लव फिस्टेल सिटी पोखरा, लोक दोहोरी ब्यवसायीसंघ, कृष्णटोल विकास संस्था, तल्लो गाउ टोल विकास संस्था, दुरा समाज कास्कीलाई सम्मान गरीएको अध्यक्ष अर्जुन ज्ञवालीले बताए । पोखरामा बढ्दो अस्पताल सँगै भरपर्दो ल्याव सेवा आवश्यक देखिएकोले विभिन्न क्षत्रका स्वास्थय विशेष विशेषज्ञ क्यानसर रोग परिक्षणका लागी सेन्टर स्थापना भई सेवा दिदै आएको सचिव नेत्र ढकालले बताए । कार्यक्रममा सम्मानित संस्थाहरुलाई समाज सेवी नरेश कुमार थापा, वरिष्ठ प्राविधिक महेन्द्र केसी आकस्मीक रत्तदान समुहका अध्यक्ष हरिश्चन्द्र शर्मा ले सम्मान गरेका थिए । सेन्टरका अध्यक्ष अर्जुन प्रसाद ज्ञवालीको सभापतित्वमा भएको कार्यक्रममा गोल्डेन सहकारी का पुर्व अध्यक्ष वालकृष्ण वराल, कोषाध्यक्ष सुनिता लम्साल संचालक यशोधरा दुरा लगायतले आ आफ्नो भनाई राखेका थिए ।

# प्रधानमन्त्री कप क्रिकेटमा आर्मीको जित

रासस
काठमाडौं, १ माघ

प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा त्रिभुवन आर्मी क्लबले मधेस प्रदेशलाई एक सय २६ रनको भारी आन्तरले पराजित गरेको छ ।

जितका लागि तीन सय २१ रनको लक्ष्य पछ्याएको मधेस प्रदेश ४८ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै एक सय ९४ रनमा समेटियो । मधेसका लागि पवन सराफले ८३ बलमा सात चौका र तीन छक्कासहित सर्वाधिक ६५ रन बनाए । त्यस्तै मयन यादवले ३२ बलमा ६ चौकासहित ३२ बनाए । राजेश यादवले ४८ बलमा ५ चौकासहित ३२ रनमा अविजित रहँदा रुपेश सिंहले १८, विशाल पटेलले १७ तथा हरिशङ्कर शाहले चार रन बनाए ।

आर्मीका लागि साहब आलमले चार विकेट लिए भने सोमपाल कामीले दुई तथा जितेन्द्र मुखिया र कुशल मल्लले समान एक-एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको आर्मीले निर्धारित ५० ओभरमा नौ विकेटको क्षतिमा तीन सय २० रनको योगफल बनायो । आर्मीका लागि विनोद भण्डारीले ९३ बलमा नौ चौका र छ छक्कासहित एक सय १३ रनको शतकीय पारी खेले । यसैगरी सन्तोष कार्कीले ४२, कुशल मल्ल र विवेक यादवले समान ३७, इमरान शेखले २६, भीम सार्कीले १८ तथा बसिर अहमदले १६ रन बनाए ।

आर्मीका लागि पाँचौ विकेटका लागि विनोद र कुशलललले एक सय ३२ तथा पहिलो विकेटका लागि सन्तोष र इमरानले ५३ रनको साझेदारी गरेका थिए । मधेसका लागि रन्जित कुमारले पाँच विकेट लिए भने विशाल पटेलले दुई तथा राजेश यादव र रुपेश सिंहले समान एक-एक विकेट लिए ।

# 'गोला ढुङ्गा र काँचो माटोबाट घर बनाउन प्रोत्साहन नगरौं'

रासस
काठमाडौं, १ माघ

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गोला ढुङ्गा र काँचो माटोबाट बनेका घर निर्माण गर्न प्रोत्साहन नगर्न अनुरोध गरेको छ । गोला ढुङ्गा र काँचो माटोबाट बनेका घर भूकम्पबाट अति जोखिममा रहने भएकाले यस्ता घर निर्माणमा कसैलाई पनि प्रोत्साहन नगर्न अनुरोध गरेको हो ।

जाजरकोट भूकम्पमा परेर क्षति भएका घरहरू यस्तै ढुङ्गा र काँचो माटोबाट बनेका धेरै रहेको बताउँदै प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले यसतर्फ सर्वसाधारण पनि आफैँ सचेत हुनुपर्नेमा जोड दिनुभयो । उहाँले सरोकारवाला निकाय तथा स्थानीय तहले यस्ता घर निर्माणमा प्रोत्साहन गर्न नहुने बताउनुभयो । पोखरेलले कर्णाली प्रदेशमा यस्ता काँचो माटो र डल्लो ढुङ्गाबाट बनेका घरहरू करिब ८० प्रतिशत रहेको जानकारी गराउँदै अब गोला ढुङ्गाबाट घर नबनाउन अनुरोध गर्नुभयो । "स्थानीय स्रोत साधनबाट पनि राम्रा र बलिया घरहरू बन्छन् । भूकम्प प्रतिरोधी घर निर्माणका लागि आवश्यक ज्ञान सीप दिन जरुरी छ", उहाँले भन्नुभयो, "घर कसरी बलियो र भूकम्प प्रतिरोधी बनाउन सकिन्छ भन्ने ज्ञानको अभाव देखिएको छ । जसले चुनौती खडा गरिरहेको छ, अब पालिकालाई त्यो सीप र ज्ञान प्रदान गरेर नागरिकसम्म पुऱ्याउनुपर्छ ।" प्रमुख कार्यकारी अधिकृत पोखरेलले प्राधिकरणले अब गोला ढुङ्गाबाट घर बनाउने चलनलाई अन्त्यका लागि योजना बनाएर अघि बढ्ने बताउनुभयो । उहाँले विपद् व्यवस्थापनको प्रमुख जिम्मा स्थानीय तहको बढी हुने भएकाले पालिकाले यस विषयमा बढी ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

तीनै तहका सरकारसँगको समन्वयमा मात्रै विपद् व्यवस्थापनका काम प्रभावकारी गर्न सकिने प्राधिकरणको भनाइ छ । "जाजरकोट बारेकोटमा हेर्दा खानीका ढुङ्गा प्रयोग भएको पाइएको छ । जहाँ खानीका ढुङ्गा प्रयोग भएका छन्, त्यहाँ क्षति कम भएको देखिन्छ । जहाँ गोला ढुङ्गा प्रयोग भएका छन् त्यहाँ क्षति बढी भएको छ", पोखरेलले भन्नुभयो । भूकम्प प्रतिरोधी घर निर्माणमा सर्वसाधारणलाई प्रोत्साहन गर्न प्रधिकरणले योजना बनाइरहेको उहाँले जानकारी दिनुभयो ।

# किसानलाई फलफूलको बेर्नामा अनुदान

पोखरापत्र संवाददाता
गोरखा, १ माघ

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ गोरखाले किसानलाई सुन्तला जातका फलफूलको बेर्नामा अनुदान उपलब्ध गराएको छ । परियोजनाअन्तर्गत किसानलाई रु १७ लाख ८० हजार रकम उपलब्ध गराइएको हो ।

फलफूलको उत्पादन वृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यसहित परियोजनाले फलफूलका बेर्नामा अनुदान उपलब्ध गराएको परियोजना कार्यालय गोरखाकी प्रमुख वरिष्ठ कृषि अधिकृत पूर्ण ढुङ्गानाले जानकारी दिनुभयो । "किसानलाई फलफूल खेतीतर्फ आकर्षित गर्दै उत्पादन बढाउने परियोजनाको उद्देश्य छ", उहाँले भन्नुभयो, "सोहीअनुरुप व्यावसायिक रुपमा सुन्तला जातका फलफूलको खेती गर्ने किसानलाई बेर्नामा अनुदान उपलब्ध गराएको हो ।"

परियोजनामार्फत कार्यालयबाट गत आर्थिक वर्षमा कूल २४ हजार एक सय १६ फलफूलका बेर्ना खरिद गरेर वितरण गरेको प्रमुख ढुङ्गानाले बताउनुभयो । परियोजनाले कृषक समूह, सहकारी, कृषि उद्यमीलाई माग आधारमा मात्र नभई जमिनको क्षमता र आवश्यकताको पहिचान गरी ५० प्रतिशत अनुदानमा फलफूलका बेर्ना वितरण गर्दैआएको छ । कार्यालयले बेर्नामा अनुदान उपलब्ध गराएसँगै गत आवमा जिल्लामा थप ८० हेक्टर जमिनमा सुन्तला खेती गर्ने क्षेत्रफलमा वृद्धि भएको छ ।

परियोजनाले चक्लाबन्दी खेती, नमूना बगैँचा स्थापना तथा क्षेत्र विस्तार कार्यक्रमअन्तर्गत किसानलाई बेर्नामा अनुदान उपलब्ध गराएको हो । परियोजनाअन्तर्गत गोरखा नगरपालिका, सहिद लखन गाउँपालिका, धार्चे गाउँपालिका, भीमसेनथापा गाउँपालिका, आरुघाट गाउँपालिका तथा पालुङटार नगरपालिकामा कार्यक्रम सञ्चालन गरिएको छ ।

यस्तै परियोजनाअन्तर्गत नै तनहुँको भानु नगरपालिका-११ र बन्दीपुर गाउँपालिका-६ मा पनि उक्त कार्यक्रम सञ्चालन गरिएको छ ।

# सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्नुपर्छ : अध्यक्ष ढकाल

पोखरापत्र संवाददाता
बागलुङ, १ माघ

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले विद्यार्थीलाई आफूले सिकेको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिनुभएको छ ।

सोमबार बागलुङ नगरपालिका-१३ स्थित त्रिभुवन माध्यमिक विद्यालयको ७४औँ वार्षिकोत्सवमा सम्बोधन गर्दै उहाँले विद्यालयले मुलुकका ठूला र राष्ट्रिय व्यक्तिहरु उत्पादन गरेको बताउनुभयो । उहाँले विद्यालयको शैक्षिकस्तर र भौतिक पूर्वाधार विकासमा सबैको साथ आवश्यक रहेको उल्लेख गर्नुभयो । सो विद्यालयका पूर्वविद्यार्थीसमेत रहनुभएका अध्यक्ष ढकालले विद्या नै सबैभन्दा ठूलो धन भएकाले यस शाश्वत सत्यलाई बुझेर विद्यालय व्यवस्थापन समिति, अभिभावक, विद्यार्थी र सिङ्गो समुदाय शैक्षिक सुधारमा लाग्नुपर्नेमा जोड दिनुभयो । सैद्धान्तिकरुपमा आर्जन गरेको ज्ञान र सीपलाई व्यवहारमा उतारेर व्यावहारिक सीपको विकास गरी उद्यमी बन्न उहाँको सुझाव थियो । अध्यक्ष ढकालले भन्नुभयो, "यो विद्यालयले मुलुकका महत्वपूर्ण भूमिकामा रहेर काम गर्ने जनशक्ति उत्पादन गरेको छ, सबै तहमा रहेकाले अब यस विद्यालयको शैक्षिक र भौतिक विकासका लागि लाग्नुपर्ने भएको छ, अब विद्यार्थीले आर्जन गरेको सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतारेर सिर्जनशील बन्नुपर्छ र उद्यमी बन्नेतर्फ ध्यान दिन जरुरी छ ।" गण्डकी प्रदेशसभाका सदस्य कृष्ण पाठकले विद्यालय पश्चिम नेपालको एक पुरानो र गौरवमय इतिहास बोकेको विद्यालय भएको भन्दै शैक्षिक उन्नयन र विकासका लागि आफू लागिपर्ने बताउनुभयो । शिक्षाको विकास नभई मुलुकको विकास नहुने भएकाले सबै क्षेत्रका विद्यालय र विश्वविद्यालयको विकासमा लाग्नुपर्ने बताउनुभयो ।

बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले पालिकालाई आगामी वर्ष पूर्णबालबालिकमैत्री घोषणा गर्ने गरी काम भइरहेको बताउनुभयो । सोहीअनुसार विद्यालयको शैक्षिक गतिविधि, भौतिक संरचना सुधार भइरहेको उहाँको भनाइ थियो । सो अवसरमा विद्यालयका पूर्वप्रधानाध्यापक ईश्वरीप्रसाद ढकाल सम्मानित हुनुभएको थियो । विसं २००७ मा स्थापना भएको थियो । विद्यालयले लामो समयसम्म विभिन्न समस्याका बाबजुद पठनपाठनलाई प्रभावकारी बनाउँदै आएकामा पछिल्लो समय भौतिक संरचना र शैक्षिक गुणस्तर बढ्दै गएको प्रधानाध्यापक तिलक आचार्यले बताउनुभयो ।

# माघेसङ्क्रान्ति मेला भर्न देवघाटमा पाँच लाख भक्तजन

पोखरापत्र संवाददाता
तनहुँ, १ माघ



माघेसङ्क्रान्ति मेला भर्न तनहुँको पवित्र धार्मिकस्थल देवघाटधाममा करिब पाँच लाख भक्तजन आएका छन् । देवघाट क्षेत्र विकास समिति तनहुँका कार्यकारी निर्देशक सदन बरालले आज बिहानैदेखि देवघाटमा करिब पाँच लाख भक्तजनले मेला भर्नुका साथै वेणीसङ्गममा स्नान गरेको बताउनुभयो ।

बरालले भन्नुभयो, "देवघाटमा हिजो बेलुकादेखि नै भक्तजनको आगमन भएको थियो । आज बिहानैदेखि झन् भीड बढ्यो । हाम्रो लक्ष्यबमोजिमको उपस्थिति भएको अनुमान छ ।" मेलालाई सभ्यरुपमा सम्पन्न गराउनका लागि शान्तिसुरक्षाको प्रबन्ध मजबुद बनाइएकाले पनि कुनै घटना नभएको उहाँको भनाइ छ ।

देवघाटस्थित वेणीसङ्गममा स्नान गर्दा पुण्य प्राप्ति हुने धार्मिक मान्यता र विश्वासका कारण यहाँ हजारौँको सङ्ख्यामा भक्तजन आउने गरेको बताइन्छ । पद्मम पुराणकाअनुसार सूर्य मकर राशीमा गएका बेला माघ महिनाभर देवघाटधाममा स्नान गर्नाले पुण्य प्राप्ति हुने विश्वास रहेको उहाँको भनाइ छ ।

देवघाटधाम ऐतिहासिक, पौराणिक, सांस्कृतिक एवं पर्यटकीय महत्व बोकेको धार्मिक तीर्थस्थल हो । गोसाइँकुण्डबाट आएको त्रिशूली र दामोदर कुण्डबाट आएको कालीगण्डकीको मिलन एवं नारायणी नदीको मुहानका रुपमा रहेको देवघाटधामको वेणीसङ्गम भएकाले यो पर्वको विशेष महत्व रहेको छ ।

मेलामा सुरक्षाका लागि तनहुँबाट एक सय नेपाल प्रहरी र ४५ जना सशस्त्र प्रहरी र चितवनबाट एक सय नेपाल प्रहरी, ३५ जना सशस्त्र प्रहरी तथा ३० जना नेपाली सेना परिचालन गरिएको थियो । मेला अवधिमा सवारीसाधन चितवनको रामनगर हुँदै देवघाट वा रामनगर-ठिमुरा हुँदै देवघाट वा दासढुङ्गा भएर देवघाटबाट प्रवेश गर्ने र फर्कँदा देवघाट-बागेश्वरी हुँदै आँपटारी भएर फर्कने व्यवस्था मिलाइएको थियो । साथै मुग्लिनतर्फ देवघाट आउने सवारीसाधनलाई दासढुङ्गाबाट सिधै देवघाटधाम प्रवेश गर्ने र फर्कँदा सोही रुटबाट फर्कने व्यवस्था मिलाइएको थियो ।

चितवनतर्फ सवारीसाधनको पार्किङका लागि साना सवार 'सिाधनका लागि सीताराम संस्कृत माविको कम्पाउण्डभित्र व्यवस्था मिलाइएको थियो भने ठूला सवार 'सिाधन (बस, मिनिबस, माइक्रो) आदिको पार्किङ व्यवस्था दाहसंस्कार स्थल प्रवेशद्वार (चन्द्रलोक स्वर्गद्वार) देखि उत्तर पूर्वक्षेत्रमा सवारीसाधनलाई सहजरुपमा पार्किङ गर्ने प्रबन्ध मिलाइएको छ ।

तनहुँतर्फ ठूला तथा साना सवारीसाधनको पार्किङ देवघाट-५ को खेलकुद मैदानमा व्यवस्था मिलाइएको थियो ।

# पोखरा विमान दुर्घटनाको एक वर्ष : प्रियजन गुमाउनेहरूको उस्तै छ पीडा

जमुना वर्षा शर्मा
पोखरा, १ माघ /रासस

माघे सङ्क्रान्ति भएकाले त्यस दिन प्रतिभा अधिकारी पोखरा फूलबारीस्थित घरमा व्यस्त हुनुहुन्थ्यो । श्रीमान् त्रिभुवन पौडेल काम विशेषले काठमाडौँमा हुनुहुन्थ्यो ।

एक सातापछि पाँचौँ विवाहोत्सव काठमाडौँमै मनाउने योजना भए पनि माघे सङ्क्रान्ति परेकाले त्रिभुवन दिउँसो ढिलो भए पनि घर आउनुहुने जानकारी प्रतिभालाई थियो । तर नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य पौडेलको योजना भने त्यस्तो थिएन । परिवारलाई 'सप्राइज' दिन रुचाउने पौडेलले दिउँसोको नभई बिहानै घर पुग्ने योजनाअनुसार विमानको टिकट काट्नुभएको थियो । उहाँले टिकट काटेको यति एयरलाइन्सको ९ एन–एएनसी एटीआर–७२ विमान जुन त्यसै दिन बिहान १०:५७ बजे विमानस्थल नजिकैको नयाँगाउँस्थित सेती खोँचमा खस्यो । दुर्घटनामा परी चालक दलका चारसहित ७२ जनाले ज्यान गुमाए । दुर्घटनासम्बन्धी समाचार, तस्बिर र भिडियो समाचार सामाजिक सञ्जाल र सञ्चारमाध्यममा छ्याप्छ्याप्ती हुँदा पनि प्रतिभालाई श्रीमान् पनि त्यही विमानमा सवार हुनुहुन्थ्यो भन्ने हेक्का थिएन । त्यस दिन दिउँसोसम्म सामाजिक सञ्जालमा मृतकको सूचीमा श्रीमान्को नाम देख्दा पनि उहाँलाई विश्वास लागेको थिएन । "उहाँ (श्रीमान् पौडेल) हरेक समय मलाई 'सरप्राइज' दिनुहुन्थ्यो, अझै



पनि ढोकामा आएर के छ बुढी भनेर बोलाउनुहुन्छ जस्तै लाग्छ", प्रतिभाले राससलाई भन्नुभयो, "आज घर आउन पाउँदिन भन्ने अनि टुप्लुक्क आइपुग्ने, अबेर हुन्छ भनेका दिन पनि छिट्टै घर आएर सरप्राइज दिनुहुन्थ्यो ।"

दुर्घटना भएको आज एक वर्ष बित्यो तर प्रतिभालाई एउटा कुराले अहिले पनि सोचमग्न बनाएको छ । "त्यो बेला त्रिभुवन काठमाडौँ जानुअघि साइत हेरेर जानुभएको थियो, त्यसभन्दा अगाडि कतै जाँदा कहिल्यै साइत जुराएको मलाई याद छैन", प्रतिभाले श्रीमान् काठमाडौँ जानुअघिको दिन सम्झँदै भन्नुभयो, "सायद त्यो मृत्युको साइत रहेछ भन्ने आज लागेको छ ।" प्रतिभाको काँधमा श्रीमान् गुमाउनुको पीडासँगै छोरा र परिवारको पनि जिम्मेवारी छ । त्यसैले छोराकै लागि भए पनि उहाँ आफूलाई सामान्य अवस्थामा ल्याउने प्रयासमा हुनुहुन्छ उहाँ । छोरा इभान अहिले पाँच वर्षमा प्रवेश गर्दैछन् । अटिज्म भएकाले छोराको नियमित उपचार गराइरहनुपर्छ । छोरालाई निको पारेर उनीबाटै श्रीमान्को सपना पूरा गर्ने अठोट पनि प्रतिभासँग छ । "म आफू नो भविष्यबारेमा अहिले केही भन्नसक्ने अवस्थामा छैन ।"

दुर्घटना भएयता न सरकार, न जहाज कम्पनी कसैले पनि आफू नो अवस्थाबारे सोधपुछ नगरेको उहाँको भनाइ छ । "अरूका लागि त्यो दुर्घटना एउटा दुःखलाग्दो घटना मात्रै होला, तर हाम्रा लागि त जीवन सकिएजस्तो अन्धकार भएको छ", प्रतिभाले पीडा सुनाउनुभयो । सोही दुर्घटनामा ज्यान गुमाएका पत्रकार अनिल शाहीकी श्रीमती रेनु गुरुङ पनि त्यो दिन भुलाउन सकिरहनुभएको छैन । "भारतको केरलाबाट घर आउँदै हुनुहुन्थ्यो, म खाना बनाएर उहाँको प्रतीक्षा गरिरहेक थिएँ", उहाँले भन्नुभयो, "तर त्यस दिनदेखि त मेरो एउटा पखेटा नै गुम्यो, यति छोटो समयमै म एक्लै हिँड्नुपर्छ भन्ने कहिल्यै लागेन ।" गुरुङ श्रीमान् गुमाउनुको पीडाबाट आफूलाई सम्हाल्दै दुई छोरा, सासूससुराको जिम्मेवारी निर्वाह गर्दै आउनुभएको छ ।

अनिल रेडियो एपोस्टलका प्रबन्धक हुनुहुन्थ्यो भने दुबईमा आइटीसम्बन्धी व्यापारको तयारीमा पनि जुट्नुभएको थियो । दुई साताअघि दुबईबाट नेपाल आउनुभएका शाही तत्काल कामविशेषले केरला पुग्नुभएको थियो । अनिलले आफू पोखरा आउने बित्तिकै सपरिवार दुबई घुम्न जाने योजना बनाउनुभएको थियो । प्रतिभा र रेनुको जस्तै त्यो दिन पोखराका मदनकाजी श्रेष्ठको परिवारमा पनि ब्रजपात भयो । मदनकाजीले कान्छा छोरा डा सुशील श्रेष्ठ, बुहारी डा सोना दिवाकर श्रेष्ठ र नाति शर्भिनलाई गुमाउनुभयो । सन्तान गुमाउनुको पीडाबाट मनदकाजी अझै बाहिर निस्कन सक्नुभएको छैन ।

"मानवीय त्रुटिका कारण भएको दुर्घटनाका दोषीले सजाय पाउनै पर्छ", उहाँले भन्नुभयो । दुर्घटनाको छानबिन गर्न घटना भएकै दिन गठित दुर्घटना जाँच आयोगले गत पुस १२ गते सरकारलाई बुझाएको प्रतिवेदनमा मानवीय त्रुटिलाई कारक मानेको थियो । पूर्वसचिव नगेन्द्रप्रसाद घिमिरे संयोजकत्वको जाँचबुझ आयोगले तयार पारेको प्रतिवेदन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीलाई हस्तान्तरण गरेको थियो । प्रतिवेदनमा 'पाइलटले फ्लेप लिभर तान्नुपर्नेमा 'कन्डिसन लिभर' तानेको देखिएको र जसले गर्दा जहाज 'फिदर कन्डिसन' मा गएपछि अगाडिको 'मोसन' जहाजले नपाएकाले दुर्घटना भएको उल्लेख छ । आयोगले आगामी दिनमा यस्ता दुर्घटना हुन नदिन वायुसेवा सञ्चालक, नियामक र मन्त्रालयलाई आठबुँदे सुझाव दिएको छ । उडान समयमा पोखरा अन्तराष्ट्रिय विमानस्थलको मौसम, 'भिजिबिलिटी' तथा प्राविधिक पक्ष राम्रो रहेको जनाइएको छ ।

# भानुमा 'विपन्न नागरिक' सहयोग कार्यक्रम

पोखरापत्र संवाददाता
तनहुँ, १ माघ

जिल्लाको भानु नगरपालिका कार्यालयले 'विपन्न नागरिक' सहयोग कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको छ । मिर्गौला डायलाइसिस, मिर्गौला प्रत्यारोपण, क्यान्सर, मेरुदण्ड र पक्षघात भएकाको उपचारका लागि सहयोग गर्ने कार्यक्रमलाई प्राथमिकता दिएको हो ।

हाल विभिन्न वडाबाट नगरपालिकामा ती रोगको उपचारका लागि ५५ जनाको नाम सिफारिस भएको छ । उक्त प्रकृतिका बिरामीका लागि मासिक रु पाँच हजार उपचार खर्च उपलब्ध गराउँदै आएको नगरपालिकाले जनाएको छ । नगरपालिकाको हालै सम्पन्न १३औँ सभाबाट विपन्न नागरिक सहयोग कार्यक्रमका लागि रु ४० लाख बजेट विनियोजन गरिएको नगरप्रमुख आनन्दराज त्रिपाठीले राससलाई जानकारी दिनुभयो ।

स्वास्थ्य केन्द्रहरूमा पाठेघरको मुखको क्यान्सरसम्बन्धी जाँच गर्ने अभियान सुरु गरेको उहाँले बताउनुभयो । कोभिड–१९ नियन्त्रण तथा व्यवस्थापनका लागि लक्षित जनसङ्ख्याले कोभिडविरुद्धको खोप प्राप्त गरिसकेका छन् । किशोरीहरूको प्रजननस्वास्थ्यसम्बन्धीचेतनामूलक कार्यक्रम, पोषण स्थिति सुधार कार्यक्रम सञ्चालन गर्दै आएको उपप्रमुख उमा गोतामेले जानकारी दिनुभयो ।

त्यसैगरी, स्वास्थ्य क्षेत्रको पूर्वाधारतर्फ पुरानडिही नगर अस्पतालको अत्याधुनिक भवन निर्माण कार्य अन्तिम चरणमा अगाडि बढेको छ । नागरिकलाई स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन सुविधासम्पन्न अस्पताल निर्माण कार्यलाई प्राथमिकता दिइएको छ । कालीमाटी अस्पतालको निर्माणका लागि ठेक्का सम्झौता भएता पनि अस्पताल भवनको डिपीआर अनुसार यकिन गरिएको स्थानमा 'लेआउट' गर्दा जग्गा विवाद भएपछि अन्यत्र व्यवस्था गरी निर्माण प्रक्रिया अघि बढाइएको छ ।

महायज्ञबाट सङ्कलित रकम अपाङ्गता भएकाको सहयोगमा तनहुँ नेत्रहीन सङ्घले ज्ञान महायज्ञबाट सङ्कलन भएको रु २५ लाखमध्ये खर्च कटाएर रु १३ लाख बचत हुने भएकाले उक्त रकम अपाङ्गता भएकाहरूका लागि आवाससहितको सीपमूलक तालिम भवन निर्माण गरिने भएको छ । व्यास नगरपालिका–५ पाटन निवासी समाजसेवी केबी गुरुङले रु २५ लाख मूल्य बराबरको चार आना दुई दाम जग्गा नेत्रहीन सङ्घलाई प्रदान गर्नुभएको छ ।

आर्थिक वर्ष ०८०/८१ मा सामाजिक विकास तथा समन्वय एकाइबाट रु १० लाख, व्यास नगरपालिकाबाट रु पाँच लाख, म्याग्दे गाउँपालिकाबाट रु दुई लाख भवन निर्माणका लागि विनियोजन गरिएको छ ।

# 'हरायो माघे सङ्क्रान्तको रौनकता'

पोखरापत्र संवाददाता
बाग, १ माघ

बढ्दो आधुनिकता र पश्चिमा संस्कृतिका कारण पछिल्लो समय मौलिक संस्कृति हराउँदै गएका छन् । परम्परादेखि मनाइँदै आएका चाडपर्व तथा रीतिरिवाज अहिले त्यसको महत्व नदिएको पाइन्छ ।

बागलुङका मगर तथा छन्त्याल जातीले आजको दिन अर्थात् माघे सङ्क्रान्तिलाई विशेष पर्वका रूपमा मनाउने गर्दथे । यसअघिका वर्षमा बागलुङ बजारमा ठूलो तामझामका साथ मेला लाग्ने गरेकामा अहिले धेरै ठाउँ सुनसान छन् । माघे सङ्क्रान्तिमा आफन्तसँग भेटघाट हुने, खुसी साटासाट गर्ने र होरे कापै (डम्फु बजाएर नाच्ने) प्रचलन थियो । पछिल्लो समय निसीखोला गाउँपालिका–१ को लेबाङ, निसीखोला–५ को निसी र ६ को भल्कोट गाउँ बाहेक अन्य ठाउँमा होरे कापै खेल्ने प्रचलन हराएको छ । होरे कापै खेल्ने आफ्नै विधि र प्रक्रिया हुने भए पनि युवा पुस्तामा त्यसको ज्ञान नहुँदा यो प्रचलन ओझेलमा पर्दै गएको छ । माघे सङ्क्रान्तिसहित मौलिक परम्परा हराउँदै गएपछि बुढापाका चिन्तित बनेका छन् । डेढदशक अगाडिसम्म मुख्य बजारदेखि ग्रामीण क्षेत्रमा भव्य रूपमा बनाइने यो पर्व अहिले हराउँदै गएको तमानखोला–३ का वीरबहादुर बुढा मगरले गुनासो पोख्नुभयो । पहिलेको जस्तो गाउँमा चाडपर्व मनाउनेहरू कम भएको भन्दै यहाँ भएकाहरूले पनि खास्सै चासो नदिने उहाँको भनाइ छ । अहिलेका चाडपर्वमा कुनै रौनकता नै नभएको बुढा मगरले बताउनुभयो । "हामी मगर जातिको सबैभन्दा ठूलो पर्व हो माघे सङ्क्रान्ति, अहिलेका मान्छेले बुझ्दैनन् । हाम्रो जातिको पहिचानसँग जोडिएको छ । अहिले माघे सङ्क्रान्तिमा कुनै रौनकता छैन । पहिलाको जस्तो संस्कृति र पहिचान हराउँदै गएको छ", उहाँले भन्नुभयो, "कापै खेल्ने, मान्यजनबाट आशिष लिने, तरुल, रोटी र खिर खाने चलन थियो । गाउँहरू डम्फुको तालले गुञ्जिन्थे, तर अहिले सबैतिर सुनसान छन् ।" ढोरपाटन नगरपालिका–६ का ७५ वर्षीय केशवबहादुर छन्त्यालले युवा पुस्ताले माघे सङ्क्रान्तिको महत्व नबुझ्दा मौलिक परम्परा लोप हुने अवस्थामा पुगेको बताउनुभयो । आफूहरूको पालासम्म पूर्खाहरूले जोगाउँदै आएको संस्कृति अहिले संरक्षण गर्न मुस्किल परेको उहाँले सुनाउनुभयो । पहिले–पहिले गाउँमा स्थानीयले माघे सङ्क्रान्तिका लागि तरुल रोप्ने गरेको भन्दै अहिले आयातित तरुलमा निर्भर भएको उहाँको भनाइ छ । माघे सङ्क्रान्तिका दिन नयाँ कामको सुरुवात गरे शुभ हुन्छ भन्ने मान्यता राख्दै आए पनि अचेल कसैले मतलब नगर्ने छन्त्यालले बताउनुभयो । "यो बेला गाउँगाउँमा मेला लाग्थ्यो । मेलामाकेटाकेटी भेट भएर गीत गाउने, नाच्ने चलन थियो । गीतबाटै परम्परा जोगाउने खालका सन्देश दिइन्थ्यो । साथै रमाइलो पनि गरिन्थ्यो", उहाँले भन्नुभयो, "अहिले हाम्रो पालाको जस्तो हर्षोल्लास छैन । वर्षमा १२ सङ्क्रान्ति हुन्छन्, त्यसमध्ये सबैभन्दा विशेष र महत्वपूर्ण रूपमा माघको सङ्क्रान्तिलाई लिइन्छ । पछिल्लो समय हाम्रा संस्कार संस्कृति र परम्परा लोपहुँदै गएका छन् । यस्ता पर्वलाई सरकारले पनि संरक्षण गर्नका लागि पहल गर्नुपर्छ ।" निसीखोला गाउँपालिकाकाअध्यक्षसूर्यबहादुर घर्तीले माघे सङ्क्रान्ति पर्वलाई संरक्षण गर्नका लागि पालिकाले पहल गरेको बताउनुभयो । निसीखोलामा अहिलेसम्म धेरै संस्कृति संरक्षण हुँदै आएकामा अब थप व्यवस्थित र मौलिकरूपमा मनाउने गरी नागरिकलाई सजक बनाइरहेको उहाँले बताउनुभयो । माघे सङ्क्रातिको साइनो खानपानसँग जोडिएको भन्दै ग्रामीण क्षेत्रमा अझ बढी मनाइने उहाँको भनाइ छ । "यो पर्व कहिलेदेखि मनाउन थालियो भन्ने एकीन गर्न सकेका छैनौँ, तर पहिले हाम्रा अग्रजहरूले जे जसरी मनाउँदै आउनु भएको थियो, सोही अनुसार हामीहरूले मनाउँदै आएका छौँ । नयाँ पुस्ताका युवालाई पनि यस्ता महत्व बोकेका मौलिक संस्कृतिको संरक्षण गर्न आकर्षित गरेका छौँ", अध्यक्ष घर्ती मगरले भन्नुभयो, "निसीखोलाको केही वडामा जनजाति समुदायको बाहुल्यता रहेकाले माघे सङ्क्रान्तिको रौनिक अझै छ । पालिकाले हरेक वर्ष मौलिकता जोगाउनका लागि बजेटसमेत विनियोजन गर्दै आएको छ ।" माघे सङ्क्रान्ति पर्वमा वन तरुल, खिर, घिउ, चाकु, तिलको लड्डु खाने प्रचलन छ । यस्ता खानाको परिकारले शरीरलाई जाडोसँग जुँध्न सहयोग गर्ने स्वास्थ्यकर्मी बताउँछन् ।

# संघीयतापछि विकासले गति लियो : मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता
पोखरा, १ पर्वत

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घीयता लागू भएपछि मुलुकमा विकासले गति लिएको दाबी गर्नुभएको छ ।

पर्वतको फलेबास नगरपालिका–३ शङ्करपोखरीमा आज आयोजित सहिद हरिदत्त तिवारीको २१औँ स्मृतिसभालाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले तीनै तहको सरकार बनेपछि विकासमा पहुँच पुगेको बताउनुभयो । ठूला योजना सङ्घले, मध्यमखालका प्रदेशले र साना योजनाको जिम्मा स्थानीय तहले लिँदा विकास निर्माणमा एकरुपता आएको उहाँको भनाइ थियो ।



मुख्यमन्त्री पाण्डेले दुई सय ४० वर्ष लामो राजतन्त्रका कारण मुलुक पछाडि परेको उल्लेख गर्दै बहुदलीय व्यवस्था आएपछि मुलुकमा चौतर्फी विकास भएको दाबी गर्नुभयो । लामो समयदेखिको खानेपानी समस्या झेलेको शङ्करपोखरीवासीको समस्यालाई इङ्गित गर्दै मुख्यमन्त्री पाण्डेले राजा महेन्द्रको पालामा राखिएको खानेपानीको योजनाको समस्या अझै पनि समाधान हुन नसकेको बताउनुभयो । गण्डकी प्रदेश सरकारले आर्थिक विकासलाई उच्च प्राथमिकतामा राखेको उहाँको भनाइ थियो । आर्थिक गतिविधि बढाउनका लागि युवालाई गाउँमा नै बस्ने वातावरण बनाएर कृषिमा लगाउनुपर्नेमा जोड दिनुभयो । मुख्यमन्त्री पाण्डेले फलेबास नगरपालिकाका प्रमुख गङ्गाधर तिवारीलाई पानीका स्रोतको सुनिश्चितता गर्न अनुरोध गर्नुभयो । स्रोतको सुनिश्चितता भएमा प्रदेश सरकारले पुराना केही योजनालाई बहुवर्षे योजनामा रूपान्तरण गर्नुका साथै नयाँ योजना पनि राखिदिने आश्वासन दिनुभयो ।

त्यस अवसरमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा संविधानसभाका सदस्य अर्जुनप्रसाद जोशीले स्व तिवारी जनताको अधिकारका पक्षमा लड्दालड्दै सहिद बनेको बताउनुभयो । सहिदहरू पार्टीका लागि मात्रै नभएर समग्र देशवासीका लागि भएको भन्दै उहाँले यही कारण नै अहिले लोकतन्त्रमा सबैले खुलारूपमा विचार राख्न पाएको उहाँको भनाइ छ ।

# 'घिउ, चाकु र तरुलसँग कविता'मा वसन्त गौतम

पोखरापत्र संवाददाता
पोखरा, १ माघ

पोखरामा क्रियाशील साहित्यप्रेमीको 'पुच्छारसिटे अभियान'अन्तर्गत सोमबार ' घिउ, चाकु र तरुलसँग कविता' मा कवि डा वसन्त गौतमले कविता वाचन गर्नुभएको छ ।

पुछारसिटे अभियान, पोखराद्वारा आयोजित एकल कविता वाचनको नाम नै थियो – 'घिउ, चाकु र तरुलसँग कविता' पुछारसिटमा वसन्त' ।

पुछारसिटे अभियानले आयोजना गर्ने एकल कविता वाचनको आठौँ शृङ्खलामा कविता वाचकका रूपमा कवि वसन्त गौतमलाई ल्याइएको अभियानका संयोजक सञ्जीव पौडेलले बताउनुभयो । विभिन्न साहित्यिक प्रतिभालाई अभियानका माध्यमबाट अघि सार्ने गरिएको पौडेलले बताउनुभयो । कार्यक्रममा पछाडिको सिटबाट उठेर कविता सुनाउँदै अगाडि आउनुभएका गौतमले सुरुमा

"जुनेली साँझ
म यात्राको तयारीमा छु
लाग्छ,
म सधैँभरि यात्राको तयारीमा छु

भगवान !
जीवन के हो ?
यात्रा वा यात्राको तयारी ?"

भन्दै आफ्नो कविता वाचन सुरु गर्नुभएको थियो । कविता वाचनकै क्रममा आफूना जीवनका भोगाइ र अनुभवसहित करिब डेढ दर्जन कविता प्रस्तुत गर्नुभएको थियो ।

प्रेम, समाजका विद्यमान अवस्था, बेथितीका साथै राजनीतिक विसङ्गति आदि उहाँका रचनामा प्रस्तुत भएको थियो । विसं २०७४ मा स्थापित अभियानले साहित्य, शिक्षा र पर्यटनका क्षेत्रमा विभिन्न कार्यक्रम आयोजना गर्दै आएको छ । संस्थाले हरेक असार १५ मा दही, चिउरासँग कविता र माघ १ का घिउ, चाकु र तरुलसँग कविता गरी दुई एकल कविता वाचन नियमित आयोजना गर्दै आएको छ ।

यसअघि पुछारसिटे अभियानअन्तर्गत प्रकट पङ्गेनी 'शिव', अल्पज्ञानी, अर्जुन ढकाल, लक्ष्मण थापा, अमृत क्षेत्री, सरस्वती श्रेष्ठ 'सरू', इन्द्र राना 'प्रतीक' एकल कविता वाचनमा प्रस्तुत भइसक्नुभएको छ । चिउरा, तरुल, सखरखण्ड, खुँदो, घिउ, चाकु, तिलको लड्डु आदि खानेकुरासमेतको व्यवस्था गरिएको कार्यक्रममा कवि तीर्थ श्रेष्ठ, विश्लेषक विश्व सिग्देल, पोखरा प्रज्ञा–प्रतिष्ठानका कुलपति पद्मराज ढकाल, साहित्यकार डा ईश्वरमणि अधिकारी, दीपक समीप, लक्ष्मण थापा, गनेस पौडेल, रिता अधिकारी, अल्पज्ञानी, निम्प्रभ सजीलागायतको उपस्थिति थियो ।

# टुँडिखेलमा भागदौड हुँदा घाइते हुनेको सङ्ख्या १६ पुग्यो

रासस
काठमाडौं, १ माघ

माघी मनाउन टुँडिखेलमा जम्मा भएकाहरुबीच भागदौड हुँदा घाइते हुनेको सङ्ख्या १६ पुगेको छ ।

माघेसङ्क्रान्तिको अवसरमा मगर र थारु समुदायले आज टुँडिखेलमा आयोजना गरेको छुट्टाछुट्टै कार्यक्रममा सहभागीबीच भागदौड हुँदा १६ जना घाइते भएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले जानकारी दिनुभयो ।

घाइतेहरुको उपचारका लागि वीर अस्पतालको ट्रमा सेन्टरमा भर्ना गरिएको उहाँको भनाइ छ । महोत्सवमास्थलमा प्रवेश गर्ने र बाहिरिनेबीच धकेलाधकेल हुँदा उनीहरु घाइते भएको प्रहरीको भनाइ छ । घाइते भएकामा १२ वर्षीया त्रिसना मगर, १२ वर्षीया अञ्जना तामाङ, १९ वर्षीया रेजिना घले, १६ वर्षीया निकिता मगर, ३० वर्षीया रेखा चौधरी, १६ वर्षीया अनिसा केसी छन् । साथै २५ वर्षीया कल्पना चौधरी, २२ वर्षीया मन्दिरा बस्नेत, ४० वर्षीया मिना थापा, १९ वर्षीया रिजा रेस्मी मगर, प्रहरी जवान पृथ्वी बुढामगर, २५ वर्षीया निशा राना थापा, २२ वर्षीया निर्मला श्रेष्ठ, २७ वर्षीया रश्मी नेपाल, ११ वर्षीया युनिका बराल, १४ वर्षीया करिश्मा मगर रहेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथा प्रहरी उपरीक्षक ढुङ्गेलले बताउनुभयो ।